# “बालबालिका राष्ट्रिय गौरव हुन्”

# दृष्टिकोण र आधारहरु

गौरी प्रधान

२०७९

CWIN
For Children, With Children

“बालबालिका राष्ट्रिय गौरव हुन्”



# पृष्ठभूमि

परम्परादेखि भन्दै आयौं, "बालबालिका भावी कर्णधार हुन् ।" तर, हामीले व्याख्या र विश्लेषण गर्दै भन्यौं बालबालिका "भोलिका भविष्यमात्र होइनन्, आजका वर्तमान पनि हुन् ।" अझ अगाडि बढेर हामीले भन्यौं, श्रम सामान्य अवस्थामा सम्मानयुक्त कुरा हो तर त्यहिश्रम बालबालिकामाथि लादिएको अवस्था देखियो भने त्यो"बालश्रम शोषण" हो । बालश्रम शोषण विरूद्ध स्थानीय, राष्ट्रिय र विश्वअभियान चलायौं । सारा देश, महादेश, संयुक्त राष्ट्र संघ र विश्वले बालश्रम विरूद्धको विश्वअभियानलाई अङ्गिकार गर्‍यो । अन्तराष्ट्रिय श्रम संगठनले त्यसैको पृष्ठभूमिमा "निकृष्ट प्रकारको बालश्रम निर्मूलनसम्बन्धी महासन्धि" (ILO Convention No.182) सन् १९९९ मा पारित गर्‍यो ।

सन् १९९६ बाट देशमा सशस्त्रद्वन्द्व चल्यो । त्यो १० वर्ष सम्म चली नै रह्यो । यसबेला विद्यालयहरू ब्यारेकमा बदलिए, हामीले भन्यौं, "बालबालिका शान्ति क्षेत्र हुन्" र "विद्यालय शान्ति क्षेत्र हुन् ।" त्यससम्बन्धी विषयमा हामीले आधार-पत्र बनायौं र राष्ट्रिय अभियान चलायौं । नेपाल सरकार, राजनैतिकदलहरू र नागरिक समाज सबैले त्यसलाई अङ्गिकार गरे । अन्ततः त्यो एक स्थापित अवधारणा र नीति बन्यो । हामीले भन्यौं सिक्ने-सिकाउने नाममा "विद्यालयमा विद्यार्थी माथि गरिने सबैखाले शारीरिक तथा मानसिक हिंसा बन्द

गर ।" र "बालमैत्री विद्यालय सञ्चालन गर ।" त्यस विषयमा हामीले अभियान चलायौं, अनेकन अभिमुखीकरण कार्यक्रम चलायौं । आज देशमा विद्यालयमा हुने गरिने हिंसाको विरूद्ध अर्थात बाल मैत्री शिक्षासम्बन्धी नीति, नियम र मार्गनिर्देशन तर्जुमा भएको छ । यदाकदा अझै पनि विद्यायहरूमा विद्यार्थीहरूमाथि मानसिक तथा शारीकि यातना भएको सुन्छौ । त्यसको अर्थ हो, हाम्रो अभियानले अझै पूर्णता हासिल गर्न सकेको छैन । त्यसैले, यस विषयमा हामीले गर्नुपर्ने कामहरू अझै धेरै छन् ।

हामीले, मानव (बाल) बेचबिखन विरूद्ध अभियान चलायौं । बेचिएका सयौं र हजारौं चेलीहरूलाई विदेशबाट ससम्मान स्वदेशमा फिर्ता ल्यायौं । त्यस विषयमा केहि बिरोधका स्वरहरूपनि सुनिए । तर हामीले त्यसको विवेकपूर्ण प्रतिकार गर्‍यौं । उनीहरूको सामाजिक एकीकरण र सशक्तिकरणमा जोड दियौं । परिणामतः नेपालमा मानव बेचबिखन प्रभावितहरूको संसारकै पहिलो संस्था "शक्ति समूह" निर्माण गर्‍यौं । कामगर्दै जाँदा सो संस्थाले, विभिन्न सफलता हासिल गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मान र पुरस्कार पनि प्राप्त गर्‍यो । त्यस्तै देशमा व्याप्त बालविवाह बिरूद्ध गाउँगाउँमा अभियान चलायौं । बालविवाहको स्थितिमा ब्यापक कमी आएको छ । तर बालविवाहको संकटबाट अझै हाम्रो समाजले मोचन पाइसकेको छैन । सो अभियानलाई प्रभावकारी बनाउन समय सापेक्ष समीक्षा र मूल्याङ्कन गर्नु जरूरी छ । त्यसको आधारमा भावी कार्यदिशा सवल र सक्षम बनाउनु पर्ने आवश्यकता छ । त्यस्तै, हामीले भन्यौं बालबिजाँईमा परेका वा कानुनको सम्पर्कमा आएका बालबालिकालाई वयस्क कारागारमा नराख । बालसुधार गृह बनाऊ । उसलाई अभियुक्त र अपराधीको सरहको व्यबहार नगर । सामाजिकीकरण र मनोसामाजिक विमर्शको माध्यमबाट उनीहरूको व्यवहारमा सुधार गर, उनीहरूको संरक्षण र विकास गर । यसका लागि सामुदायिक र सामाजिकीकरण मार्फत दिशान्तरणको उपाय अवलम्वन गर । त्यस्तै, जोखिम र अप्ठ्यारोमा परेका बालबालिकाको संरक्षणको निम्ति हामीले "बाल हेल्पलाइन"को अवधारणा विकास गर्‍यौं । त्यसलाई कार्यान्वयन प्रकृयामा लग्यौं । सो कुरा हाल क्रमश देशव्यापी रूपमा विस्तार

हुँदै छ । नेपाल सरकार, राष्ट्रिय बालअधिकार परिषद्ले त्यसको समन्वय र सम्वर्द्धनको जिम्मा लिएको छ । सशस्त्रद्वन्द्व तथा विनाशकारी भूकम्प लगायत अन्य विपदको अवस्थामा बालबालिका केन्द्रित मानवीय सहायताको पनि अवधारणा विकास गरी लाखौं बालबालिकालिकाको उद्धार गऱ्यौं । केहि बर्ष यता देखि बालबालिका तथा किशोरकिशोरीको मनोसामाजिक स्वास्थ्य तथा मनोचिकित्सा क्षेत्रमा व्यापक काम गऱ्यौं । हाल नेपालकै पहिलो र एउटै बालबालिका तथा किशोरकिशोरीको मनोचिकित्सा सेवा कान्ति बालअस्पतालमा शुरूवात भएको छ ।

बालअधिकारका क्षेत्रमा काम गर्दैजाँदा बालबालिकाका समस्या समाधानका लागि कुनै एक संस्था वा सरकारको एक्लो प्रयासबाट मात्र सम्भव हुँदैन भनेर हामीले बालबालिकाको विषयलाई सबैको सरोकारको विषय बनाइनु पर्दछ भन्यौं । यसका लागि हामीले "बालअधिकार सबैको सरोकार" भन्ने अवधारणा अगाडि साऱ्यौं जो समयको अन्तरालमा सर्वस्वीकार्य सन्देश बन्यो । त्यसैगरी, बालबालिका भित्र अन्तरनिहित असीम सम्भावनालाई विचार गरेर हामीले उनीहरूका लागि काम गर्ने संस्थाको रूपमामात्र होइन, ऊनीहरूसँग साझेदारी र सहकार्य गरेर नै बालअधिकार संरक्षण र प्रवर्द्धनमा ठोस उपलब्धि हासिल गर्न भनेर "बालबालिकाका लागि, बालबालिकाका साथमा" भन्ने अवधारणा अगाडि साऱ्यौं । यो अवधारणा पनि उत्तिकै सर्वस्वीकार्य रहेको छ ।

बालबालिका माझ कामगर्दै जाने क्रममा हामीले बालबालिकामा अन्तरनिहित क्षमता पहिल्यायौं र भन्यौं "बालबालिका सामाजिक परिवर्तनका आशा र भरोसा हुन् ।" यस क्रममा हामीले बालबालिकाको सशक्तीकरणका लागि बालक्लब गठन प्रकृया आरम्भ गऱ्यौं । फलतः यसले अभियानकै रूप लियो । बालबालिका स्वयम् नै अग्रसर भएर बालक्लब गठन गर्न थाले र बालअधिकाका लागि समाजमा क्रियाशील हुनथाले । यसै क्रममा, बालक्लब दर्ताको बिषयमा वि.सं. २०५८ साल साउन २५ गते सर्वोच्च अदालतले गरेको निर्णयले त झन् बालक्लब अभियानलाई संस्थागत गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । यस बीच

बालबालिकाहरूले आफ्ना माग तथा सरोकारहरू उजागर गर्नका लागि सम्माननीय राष्ट्रपति लगायतका उच्चपदस्थ नीतिनिर्माता तथा सरोकारवालाहरूका अगाडि बाल संसदको अभ्यास गरेर बालसशक्तिकरणको अभ्यास प्रदर्शन गरेका छन् । यतिबेर हजारौंको संख्यामा बालबालिका तथा किशोर किशोरीका संगठन तथा सञ्जालहरू स्थानीय देखि राष्ट्रियस्तरसम्म क्रियाशील भैरहेका छन् । यसैपृष्ठभूमि र बालबालिकाका उदाहरणीय कामहरूको जगमा हामीले बालसहभागितालाई विशेष जोड दिने बालमैत्री स्थानीय शासनको अवधारणा अगाडि सार्‍यौं । यस अवधारणालाई पनि स्थानीय सरकारहरूले क्रमशः व्यवहारमा अभ्यास गर्दै जान थालेका छन् र कतिपय नगर/गाउँपालिकाहरूले बालमैत्री नगर/गाउँ भनेर घोषणा नै गरेर अगाडि बढिरहेका छन् । बालमैत्री स्थानीय शासन प्रबर्द्धन र घोषणा तथा अवलम्वन गरेका छन् । बालमैत्री पूर्वाधार विकास तथा सन् २०३० सम्ममा बालमैत्री देश बनाउने घोषणा असाध्य सह्रानीय रहेको छ । यस वाहेक, देशमा बाल संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमको सुरूवात, बाल संसदको अभ्यास, तथा पोषणमैत्री, लैङ्गिकमैत्री, बालमैत्री तथा बालश्रम मुक्त स्थानीय तहको घोषणाले देशमा बालअधिकार र बालसंरक्षणको



अभियानले थप टेवा मिल्ने विश्वास गर्न सकिन्छ । तर यसको गुणस्तरीयता र दिगो विकासमा भने थुप्रै कामहरू गर्न बाँकी नै छन् भन्ने कुरा हामीले कदापी बिर्सन हुँदैन ।

त्यस्तै हामीले, बालसंरक्षण, बाल-सहभागिता, बालन्याय, र बालअधिकारका विभिन्न बिधाहरूमा नयाँ नयाँ अवधारणा विकास गऱ्यौं, अभिमुखीकरण चलायौं, अभियान बढायौं । त्यो क्रम अझै निरन्तर अगाडि बढ्दै छ । देशभरी फैलिएका बालक्लब र किशोर-किशोरी सञ्जालहरूले बालअधिकार अभियानलाई विकास र विस्तार गर्न थप सहयोग पुऱ्याइरहेका छन् । आजभन्दा ३० वर्ष अगाडि बाल सहभागिता सम्बर्द्धन गर्न स्थापना भएका ती बालक्लबहरूको संख्या देशव्यापीरूपमा विस्तार भएको छ । हाल देशको बालअधिकार अभियान मूलतः तेस्रो पुस्ताको नेतृत्वमा अगाडि बढ्न थालेको छ । यो अभियान निरन्तर गतिशील छ । सानै उमेरदेखि बालअधिकारको सोच, दृष्टिकोण, प्रकृया, नीति र संयन्त्रहरूको विषयमा सहभागितामूलक ढङ्को नेतृत्व विकास गर्न सकेकाले उनीहरूको अवधारणात्मक स्पष्टता र कृयाशीलताले बालअधिकार अभियान अझै सवल र सुदृढ हुँदै गएकोछ । तर, उनीहरूले बालअधिकारको सम्बन्धमा विकास गरेका आफ्ना कृयाशीलतालाई बालअधिकारको पैरवी, अध्ययन–अनुसन्धान, स्वयंसेवी भावनामा विकास गर्न सके, त्यो कार्य "सुनमाथि सुगन्ध" नै हुनेछ ।



हाम्रो समाजमा एक कुसंस्कार र कुप्रवत्तिको रूपमा भित्र भित्रै गुम्सिएर बसेको बाल यौन शोषण र दुर्व्यवहार जस्ता सवालहरू, घरेलु हिंसा एवं मदिरा, लागूपदार्थ तथा सूर्ती सेवन तथा त्यसबाट सृजित मानसिक विचलन र जोखिमहरूलाई सम्वोधन गर्न बालबालिकाहरूलाई सचेत गर्नुको साथै परिवार, विद्यालय र समुदायलाई संवेदनशील बनाउन विभिन्न प्रयत्नहरू गरिरहेका छौं । पछिल्लो चरणमा, विद्युतीय तथा इन्टरनेट अनलाइनको माध्यमबाट बालबालिका र किशोरकिशोरीहरू माथि भइरहेको यौन शोषण र दुराचार विरूद्ध आवाज उठाउँदै त्यस्ता कुराहरूलाई पनि कानूनी दायरामा ल्याउन प्रयत्न गरेका छौं, जुन कुरा हाल सशक्त ढङ्गले अगाडी बढ्न खोजेको छ । साथसाथै, सडक बालबालिका तथा परित्यक्त बालबालिकाको राहत, सामाजिकीकरण, सशक्तिकरण र सामाजिक पुनएकीकरणका गतिविधिहरूलाई प्रभावकारी बनाउन नेपाल सरकारसँगको सहकार्यमा प्रभावकारी कार्यहरू अगाडी बढिरहेका छन् ।

सामान्यतया, मानिसहरू राष्ट्रियताको विषयलाई एउटा भावनाको रूपमा अङ्गिकार गर्दछन् । तर, राष्ट्रियता भन्ने कुरा फगत भावनाको विषयमात्र होइन । राष्ट्रियता भन्ने कुरा जनताको सार्वभौमसत्ता, देशको सीमा सुरक्षा, नागरिकको मानवअधिकार (नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू), सवल तथा स्वतन्त्र अर्थतन्त्र तथा देशवासीको साझा मनोभावनासँग पनि गाँसिएको हुन्छ । यसैगरी राष्ट्रिय गौरवको विषय मुलुकका नागरिकले पहिचान गरेका प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक लगायतका राष्ट्रिय सम्पदासँगको भावनात्मक सम्बन्ध पनि गाँसिएको हुन्छ । यसरी हेर्दा नेपालको हिमाल–पहाड तथा मधेश–तराई, पुर्खाहरूको देशभक्ति र वीरता, लोक साँस्कृतिक परम्परा आदि भित्र राष्ट्रिय गौरव भेट्ने गरेका छन् । यसक्रममा पछिल्लो समयमा नेपालमा ठूल्ठूला परियोजनाहरूलाई "राष्ट्रिय गौरवको परियोजना" भन्ने चलन बढेकोछ । यद्यपि कुनै पनि कुरा "राष्ट्रिय गौरवको परियोजना" बन्नको लागि त्यसले विशिष्ट आधार, दृष्टिकोण र भरपर्दो सूचकाङ्कहरू बोकेको

हुनु पर्दछ । यस अवधारणा–पत्र तर्जुमा गर्ने क्रममा सम्वन्धित विषयमा अध्ययन तथा अनुसन्धान गर्दा राष्ट्रिय योजनाआयोगले झण्डै २४ वटा[1] देशका ठूल्ठूला परियोजनाहरूलाई "राष्ट्रिय गौरवको परियोजना"को रूपमा उल्लेख गरिएको पाइयो । किन ती परियोजनाहरूलाई "राष्ट्रिय गौरवका परियोजनाहरू" भनिएका हुन् ? त्यसबारे खासै कुनै सैद्धान्तिक आधार, त्यसको उद्देश्य र सूचकाङ्कहरू कहिं कतै उल्लेख गरिएको पाइएन । तथापि, कुनै पनि विकासको कुरालाई "राष्ट्रिय गौरवका परियोजना" भन्नाले त्यसले, देशमा व्यापक नागरिकको आर्थिक उत्थान गर्ने, सामाजिक सशक्तीकरणमा योगदान दिने, साँस्कृतिक पक्षहरूको जगेर्ना र विकास गर्ने, पर्यावरणको संरक्षण र सम्वर्द्धन गर्ने र अन्ततः सम्पूर्ण देश तथा देशवासीको साझा तथा सर्वोत्तम हित रक्षा गर्ने हुन जरूरी छ । तर, राष्ट्रिय योजना आयोगले तर्जुमा गरेका सबैजसो "राष्ट्रिय गौरवका आयोजनाहरू" देशको विभिन्न क्षेत्रका भौतिक पूर्वाधारहरूका विकासमा केन्द्रित छन् । पछिल्लो चरणमा राष्ट्रिय  योजना आयोगले प्रकाशित गरेको "राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा आ.व. २०७६/७७ सम्मको प्रगति"मा "राष्ट्रिय गौरवका आयोजनाको परिभाषा गर्दै भनिएको छ, "नेपालको अर्थतन्त्रलाई गतिशील एवम् थप विस्तार गरेर अतिकम विकसित स्तरबाट विकासोन्मुख हुँदै विकसित राष्ट्रको स्तर मा पुर्‍याउने राष्ट्रिय आकाङ्क्षालाई मूर्तरूप दिन सहयोग पुर्‍याउने उदाहरणीय आयोजना नै राष्ट्रिय गौरवका आयोजना हुन् ।

---

1 राष्ट्रिय गौरवका आयोजनाहरूः स्रोतः राष्ट्रिय योजना आयोगः https://www.npc.gov.np/uploaded/national_pride_2072_6_19_.pdf
१। सिक्टा सिंचाइ आयोजना२। बबई सिंचाइ आयोजना३। रानीजमरा कुलरीया सिंचाइ आयोजना४। भेरी बबई डाईभर्सन आयोजना५। माथिल्लो तामाकोशी जलविद्युत आयोजना६। वुढीगण्डकी जलविद्युत आयोजना७। पशिचमसेती जलविद्युत आयोजना८। भैरहवा क्षेत्रीय र अन्तराष्ट्रिय विमानस्थल
९। पोखरा क्षेत्रीयरअन्तराष्ट्रिय विमानस्थल१०। दोस्रो अन्तराष्ट्रिय विमानस्थल, बारा११। पशुपतिक्षेत्रविकास कोष१२। लुम्विनीक्षेत्रविकास कोष१३। मध्य पहाडी (पुष्पलाल)लोकमार्ग१४। पूर्व पशिचम रेलमार्ग१५। हुलाकीलोकमार्ग१६। उत्तर दक्षिण (कोशी) लोकमार्ग१७। उत्तर दक्षिण (कर्णाली) लोकमार्ग१८। काठमाण्डौ तराई–मधेस द्रुतमार्ग१९। मेलम्चीखानेपानीआयोजना२०। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमपछि थपभएकातीन राष्ट्रिय गौरवकाआयोजनाहरू:२१। महाकालीसिंचाइआयोजना२२। विद्युत प्रसारण आयोजना२३। गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुबेसी-रसुवागढी सडक २४। सुनकोशी-मेरिन डाईभरसन् आयोजना ।

मुलुकको आर्थिक विकास, सामाजिक रूपान्तरण, रोजगारी सिर्जना, पुँजीनिर्माण र प्रादेशिक सन्तुलनमा यी आयोजनाहरू कोसेढुङ्गा सावित हुनेछन् । यी आयोजनाहरूमा रूपान्तरणकारी, रणनीतिक महत्व र उच्च राष्ट्रिय प्राथमिकता आदि विशेषताहरू रहेको पाइन्छ । यिनीहरू राष्ट्रका विशेष महत्वका आयोजना हुन् ।" यस सम्वन्धमा भएका उपलब्धि र विकासको अनुगमन र समीक्षा प्रतिवेदनहरू अध्ययन गर्दा अधिकांश परियोजनाहरूको कार्य प्रगति अपुरो र संतोषजनक नभएको भन्ने उल्लेख गरिएको देखिन्छ ।



आर्थिक वर्ष २०७५-७६ को महालेखा परीक्षकको प्रतिवेदनले समेत राष्ट्रिय गौरवका आयोजनाहरूमा थपलागत बढेको उल्लेख गरेको छ । महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा २१ राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन र सञ्चालन गर्न एकीकृत कानून तर्जुमा नभएको, आयोजना कार्यान्वयनको ढाँचा, विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन कुल लागत, समयावधि, जग्गाप्राप्ति लगायत आधारभूत विषय तयार नभई राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरिएको उल्लेख गरिआएको छ ।

आर्थिक वर्ष २०६४-६५ मा शुरू भएका आयोजनाहरू २०७४-७५ मा सम्पन्न गर्ने लक्ष्य थियो । तर यी आयोजनाहरू समयमा सम्पन्न नहुँदा थप ५ वर्ष म्याद थपियो । हाल यसको लागत ८४ अर्ब ३३ करोड पुगेको छ । आयोजना शुरू हुँदायसको लागत ३३ अर्ब ३६करोड रहेको थियो । यसरी समयमै आयोजनाहरू सम्पन्न नहुँदा राज्यको ५० अर्ब ९७ करोड बढी खर्च भएको छ । यीमध्ये आर्थिक वर्ष २०४४-४५ मा शुरू भएको बबई सिंचाई आयोजना आर्थिक वर्ष २०६९-७० मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर त्यसको म्याद १० वर्ष थप गरी २०७९/८० सम्म पुऱ्याइएको छ । २ अर्ब ८७ करोडमा सम्पन्नहुने भनिएको सो आयोजनाको अन्तिमलागत १८ अर्ब ९६करोड पुग्दा राज्यलाई १६अर्ब ९ करोड थप आर्थिक भार बढेको छ । ती आयोजनाहरूले समयमै पूरा हुननसक्दा त्यसले देशको आर्थिक भार मात्रै बढाएको छैन, बरू ती आयोजनाहरूले लक्षित गरेका जनताको आर्थिक विकास, सामाजिक सशक्तीकरण तथा पर्यावरणीय संरक्षणमा के कस्ता योगदान पुऱ्याएका छन् भन्ने कुराको मूल्याङ्कन स्वभाविक रूपमा अलि टाढाको कुरा हुनपुगेको छ ।

मूलतः बालअधिकारसम्वन्धी हाम्रो महत्वपूर्ण अभिभारा भनेको नेपालको संबिधानको मौलिकहकसम्बन्धी धारा ३९ को १० बुंदाहरूलाई व्यवहारमा रूपान्तरण गर्न प्रयत्न गर्नु हो । त्यसैले, राष्ट्रिय विकासका हरेक विधाहरूमा हामीले बालबालिकाका विषय र सवालहरूलाई जोड्न सक्नु पर्दछ । यसै सन्दर्भमा, "बालबालिका राष्ट्रिय गौरव हुन्" भन्ने विषयमा यो अवधारणा–पत्र तयार गर्दा हामीले "राष्ट्रिय गौरवका परियोजना" को सान्दर्भिकता, त्यसको अर्थ, आधार र दृष्टिकोणहरूबाट पनि बालअधिकारको पक्षपोषण गर्न जरूरी छ ।

# दृष्टिकोण

कुनै पनि देशको दिगो राष्ट्रिय विकासको सम्भावना भन्ने कुरा त्यस देशमा राज्य, नागरिक समाज र बजारको सन्तुलित सम्बन्ध र भूमिकामा भरपर्दछ । राज्यले शक्ति पृथकीकरणको सिद्धान्त र कल्याणकारी राज्यको अवधारणा अनुसार काम गर्नु पर्दछ भने नागरिकका मानव अधिकारकहरूः नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको सम्मान, संरक्षण र पालनाका लागि प्रतिवद्ध हुनु पर्दछ । बालअधिकारको संरक्षण र सम्वर्द्धनको विषयलाई नागरिक समाज, खासगरी मानवअधिकार तथा बालअधिकार अभियान मार्फत हामीले विगत तीन दशकभन्दा अघि देखि अगाडि बढाउँदै आएका छौं । यो क्रम निरन्तर अग्रगतिमा बढिरहेकै छ । राज्य, सरकार र राजनैतिक दलहरूले पनि यी अभियानहरू प्रति सकारात्मक सोच राखी सहयोग गर्दै आएका छन् । सो सम्बन्धमा, देशको संविधान, कानून र नीतिहरूमा पनि व्यापक परिवर्तनहरू भएका छन् । संयन्त्रहरूमा फेरबदल भएका छन् । यसको निम्ति सम्बन्धित क्षेत्रहरूलाई हामीले हार्दिक धन्यवाद र आभार

“बालबालिका राष्ट्रिय गौरव हुन्”



व्यक्त गर्नै पर्दछ । तर संविधान, कानून र नीतिहरूको सफल तथा प्रभावकारी कार्यान्वयन हुननसकेको यथार्थ पनि हामीले बिर्सनु हुँदैन । यसरी संविधान, कानून र नीतिहरूको सफल तथा प्रभावकारी कार्यान्वयन हुननसक्नुका धेरै कारणहरू छन् । त्यसमध्येको एउटा कारण भनेको सम्वन्धित निकाय वा संयन्त्रहरूको भूमिका प्रभावकारी हुननसक्नु पनि हो भन्न सकिन्छ । व्यवहारमा राज्य, सरकार र राजनैतिक दलहरूका प्रतिवद्धताहरू पूरा तथा प्रभावकारी हुन सकेका छैनन् । त्यसको निम्ति हाम्रो अभियानले अझै थप खबरदारी, साझेदारी र जिम्मेवारीवोधका साथ काम अझै तीव्र गतिमा गर्नु पर्ने आवशयकता टड्कारो रहेको छ ।

कुनै पनि देशको राष्ट्रिय विकासमा पूर्वाधार विकासको ठूलो महत्व हुन्छ । तर, पूर्वाधार विकास भन्ने कुरा भौतिक पूर्वाधार विकास मात्रै हो भनेर सोच्नु सहि कुरा होइन । विकास पूर्वाधार भन्नाले हामीले, आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक तथा पर्यावरणीय विकास सबैलाई समेट्न सक्नु पर्दछ । देशविकासमा रूपान्तकारी (गेम चेन्जर) भूमिका निर्वाह गर्न सक्ने सबै आयोजनाहरू राष्ट्रिय गौरवको आधार हुन सक्दछन् । यसै सन्दर्भमा, हामीले मानवअधिकार, बालअधिकार तथा सामाजिक अभियानका तर्फबाट केहि वर्षदेखि "सामाजिक अभियान, राष्ट्रिय गौरवको आधार हुन्", "बालबालिका राष्ट्रिय गौरव हुन्" र "सन् २०३० को लक्षप्राप्तिको आधार, सबै क्षेत्रमा लैंगिक भूमिका बराबर" भन्ने अवधारणा निर्माण गर्दै त्यस विषयमा बहस र पैरवी पनि गर्दै आईरहेको सर्वविदितै छ । सो बारेमा सरकार, राजनैतिक दलहरू र नागरिक समाजबाट भइरहेका सकारात्मक सम्बोधनबाट हामी असाध्यै उत्साहित पनि भएका छौं । हुन त हाम्रो देशमा लागत र प्रभावको दृष्टिकोणले महत्वपूर्ण रहेका भौतिक पूर्वाधारका परियोजनाहरूलाई सामान्यतया, "राष्ट्रिय गौरवको परियोजना" भन्ने गरिन्छ । तर, जबसम्म कुनै पनि ठूला भौतिक परियोजनाले व्यापक जनसंख्याको सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउने तथा नागरिकको सामाजिक सशक्तीकरण र पर्यावरणीय सम्वर्द्धन र संरक्षण गर्न सक्दैन, त्यो बेलासम्म कुनै पनि परियोजनाहरू ठूला हुँदैमा, त्यो "राष्ट्रिय

गौरवको परियोजना" हुन सक्दैन । तसर्थ कुनै पनि अभियान वा परियोजनाहरू राष्ट्रिय महत्वको हुनको लागि निम्नानुसारका आधारहरू ग्रहण गर्न आवशयक छन्:



१. राष्ट्रको हित र राष्ट्रियताको सम्वर्द्धन ।

२. समग्र आर्थिक वृद्धि तथाविकास साथसाथै त्यसको न्यायोचित वितरण ।

३. साँस्कृतिक उत्थान तथा सामाजिक सशक्तिकरण ।

४. पूँजीनिर्माण तथा संतुलित प्रादेशिक विकास ।

५. दिगो तथा गतिशील अर्थतन्त्रको विकास ।

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा सशक्तिकरण ।

७. राष्ट्रिय विकासको निम्ति कनेक्टिभिटीको विकास ।

८. पूर्वाधार विकासका माध्यम सामाजिक सशक्तिकरण तथा पर्यावरणको संरक्षण ।

९. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, खाद्य सुरक्षा तथा गरीबीको न्यूनीकरण र निर्मूलन ।

१०. सम्वृद्ध नेपाल तथा सुखी नेपालीको मार्ग चित्रमा सामाजिक सशक्तिकरण ।

यहि पृष्ठभूमिमा, हामीले "बालबालिका राष्ट्रिय गौरव हुन्"भन्ने अभियानलाई अगाडी सार्दै त्यस सन्दर्भमा केहि तार्किक आधारहरू निम्नानुसार स्पष्ट रूपमा अगाडि सारेका छौं ।

# तार्किक आधारहरू

## बालबालिका किन राष्ट्रिय गौरव हुन् ?

माथि नै उल्लेख गरिसकेको कुरा के हो भने कुनै पनि कुरा राष्ट्रिय गौरवको विषय हुनको निम्ति त्यसले केहि विश्वसनीय आधारहरू तर्जुमा गर्नुको साथै त्यसले रूपान्तकारी भूमिका निर्वाह गर्न सक्ने हुनु पर्दछ । यसको अर्थभनेको, सो विषय (१) व्यापक जनसंख्याको हितको दृष्टिकोणले महत्वपूर्ण, (२) आर्थिक दृष्टिकोणले वृद्धि, विकास र न्यायपूर्ण वितरणमा योगदान दिने, (३) सामाजिक दृष्टिकोणले जन–सशक्तीकरण उत्थान गर्ने, (४) पर्यावरणीय दृष्टिकोणले प्राकृतिक संरक्षण र सम्वर्द्धनमा योगदान गर्ने, (५) राष्ट्रिय विकासको दृष्टिकोणले दिगो तथा लगानी योग्य हुन जरूरी छ । त्यसबाहेक, सो कुराले राष्ट्रको हित र मर्यादा उँचो बनाउने हुनु आवश्यक छ । जहाँ सम्म "बालबालिका राष्ट्रिय गौरव हुन्" भन्ने विषय छ, त्यसले, वास्तवमा राष्ट्रको निम्ति यी सबै विषयहरू सम्वोधन गर्न सक्ने भएकोले त्यसलाई राष्ट्रिय प्राथमिकतामा राख्नु आवश्यक छ ।

लामो कालखण्डको विकास यात्रामा संसारका कतिपय देशहरूले महत्वपूर्ण विकास गरिसकेको अवस्था छ । तर हाम्रो देशका नागरिक भने आजको एक्काइसौं शताब्दिमा पनि शोषण, विभेद तथा अन्याय-अत्याचारमा बाँच्न विवश छन् । हाम्रो दिगो विकास र समृद्ध हुननसक्नुमा अनेकन कारणहरू छन् । यद्यपि, त्यसमध्येका मूल कारणहरूभनेका बालबालिकालाई गुणस्तरीय अनिवार्य शिक्षाप्रदान गर्न नसक्नु, युवाहरूलाई सक्षम, सवल र उत्पादनशील रोजगारीमा स्थापित गर्न नसक्नु तथा महिलाहरूमा विद्यमान सीप र क्षमतालाई उद्यमशीलतामा रूपान्तरण गर्न नसक्नु वा महिला, दलित र अप्ठ्यारोमा परेका जनमाथिको विभेद, शोषण र अन्यायपूर्ण तथा असमान शक्ति संरचना निर्मूलन गर्न नसक्नु पनि हो । सो अर्थमा, हाम्रा बालबालिकाहरू पनि विभिन्न किसिमका

सामाजिक-साँस्कृतिक विभेद, उत्पीडन तथा आर्थिक शोषणबाट ग्रसित रहेका छन् । त्यसैले, उनीहरूलाई सो गम्भीर अवस्थाबाट मुक्त गरी आजैदेखि हामीले सु-शिक्षा, सीप, संरक्षण, सदाचार र सहभागितामा हाम्रा बालबालिकालाई हुर्काउन सक्यौं भने हामीले "समृद्ध नेपाल, सुखी नेपाली" को सपना साकार बनाउन सक्छौं । त्यसको निम्ति राष्ट्रले बालबालिकालाई "राष्ट्रिय गौरव" को रूपमा मान्यता प्रदान गरी सोहि मुताविक उनीहरूको शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी गर्न पर्दछ । सो तर्कलाई सवल बनाउन साथै पैरवी गर्न सत्य, तथ्य र बालअधिकारको सिद्धान्त, मूल्य र मान्यताको आधारमा हामी निम्नानुसारको भर पर्दो आधारहरू प्रस्तुत गर्न चाहन्छौं :





## १. बालबालिका जनसंख्याको आधारभूत र महत्वपूर्ण हिस्सा हुन् ।

हाम्रो देशमा बालबालिका जन्मे देखि १८ वर्षको उमेर पूरा नहुञ्जेलसम्मको जनसंख्या झण्डै ३८–४०% छ । जनसांख्यिक लाभांशको दृष्टिकोणले राष्ट्रको निम्ति यो एउटा सुनौलो अवसर पनि हो । सायद सबै देशहरूले अब यसखाले अवसर पाउन पनि गाह्रो छ । यदि हामीले आजैदेखि हाम्रा घर-परिवार, समुदाय, समाज र राष्ट्र सबैले बालबालिकाको हितको निम्ति भरपर्दो संरक्षण र सम्वर्द्धन गर्न थाल्यौं भने हामीले हाम्रो देशको सम्वृद्धि वा सम्मुन्नतिको सपना छिट्टै साकार पार्न पनि सक्दछौं ।

जनसांख्यिक प्रक्षेपण अनुसार नेपाल सन् २०२८मा वयस्क जनसंख्या (aging population) र सन् २०५४ मा वृद्ध जनसंख्या(aged population) भएको देशमा रूपान्तरित हुनगईरहेको छ ।[2] त्यसैले नेपालले तुलनात्मक रूपमा आगामी दिनमा ठूलाठूला भौतिक पूर्वाधारहरूका साथ बालबालिकाको शिक्षा, स्वास्थ्य र सुरक्षामा लगानी गर्न आवश्यक छ । भोलि यीनै बालबालिकाले युवा र वयस्क उमेरमा देश विकास र संरक्षणको निम्ति काँधथाम्ने छन् । हाल देशमा १८ वर्ष मुनीका बाल जनसंख्या झण्डै ३८ देखि ३९ प्रतिशतको हाराहारीमा रहेकोले उनीहरू नै देश विकासका बलियो आधार स्तम्भहुन् भनेर बुझेर राष्ट्रले निरन्तर लगानी गर्नु पर्दछ ।

2 https://www.unicef.org/nepal/why-invest-children

## २. बालबालिकामाथिको लगानी सबैभन्दा सार्थक र उत्पादनशील हुन्छ ।

विभिन्न अध्ययन तथा अनुसन्धानहरूले कुनै पनि क्षेत्रमा गरिएका लगानीको सबैभन्दा वेशी फिर्ता पाउन परिवार, समाज र सिङ्गो राष्ट्रलाई सक्षम, सवल र दिगो हुनदिन सक्नु पर्दछ भन्ने कुरालाई पुष्टि गरेका छन् । यस मानेमा बालबालिकाको निम्ति भएका लगानीले कम्तिमा १० दोब्बरको हिसाबले फिर्ता प्रभावकारी हुन सक्दछ भन्ने विभिन्न अध्ययनहरूले बताएका छन् । राष्ट्रिय लगानीको दृष्टिकोणले बालबालिकाको विकासको निम्ति वार्षिक तथा आवधिक बजेटको महत्वपूर्ण हिस्सा छुट्याइएको हुन्छ, तर त्यो लगानी अझै पर्याप्त र प्रभावकारी हुन सकेको छैन । लक्ष अनुसार कार्य-योजनाहरूको उपलब्धी संतोषजनक छैन । त्यसैले बालबालिकामाथि गरिएका लगानीलाई उत्पादनशील, गुणस्तरीय र सुनिश्चित फिर्ता हुन सक्ने बनाउन हामीले यससम्बन्धी नीति, कार्ययोजना तथा त्यसका कार्यान्वयन तथा अनुगमन पद्धति र प्रकृयालाई सबल, सक्षम र कृयाशील बनाउनु पर्दछ । अध्ययन अनुसन्धानहरूको निष्कर्ष के छ भने बालबालिकाको आधारभूत विकास नै उनीहरूको “सुनौलो हजार दिन” भित्रहुने गर्दछ । उनीहरूको भविष्यको उज्यालो बाटो त्यसैले निर्धारण गरेको हुन्छ । अन्यथा, बालबालिकाहरूको जीवन गरीबी, कुपोषण र जोखिममा बित्न सक्दछ ।  तसर्थ, बालबालिका माथि गरिने लगानीहरू त्यसबेला प्राथमिकतामा राख्न सके हरेक बालबालिकाले आफ्नो बिद्यालय पदार्पण खुशीका साथ गर्न सक्दछ ।

वास्तवमा, बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षामा गरिएका लगानी किन सवल, उत्पादनशील र प्रभावकारी हुन सक्दछन् भन्ने विषयमा मूलतः तीनवटा तर्कहरू अगाडि सारिएका छन् : क) यो मानव अधिकारमुखी अवधारणा हो । बालअधिकारसम्बन्धी महासन्धिको धारा ४ मुताविक बालबालिकाको सामाजिक तथा आर्थिक अधिकारहरूलाई सम्बोधन गर्न राज्यपक्षले देशमा उपलब्ध स्रोतहरूको अधिकतम परिचालन गर्नाको साथै अन्तराष्ट्रिय सहयोगको उपयोग पनि गर्नु पर्दछ । ख) त्यस्तै, आर्थिक विकासको

अवधारणाले राज्यपक्षहरूले सबैको निम्ति गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, पोषण, खानेपानी तथा सर–सफाई आदिमा गरिने लगानी भनेका देशको जनशक्ति विकासमाथि गरिने लगानी नै हो र ग) सामाजिक तथा राजनैतिक अवधारणा अनुसार बालबालिकामाथिको लगानी भनेको यथार्थमा लोकतन्त्रको संस्थागत विकास, सुशासन र जनउत्तरदायित्वको निर्वाह पनि हो । त्यस्तै बाल संवेदनशील बजेट तथा आर्थिक नीतिहरू र बाल मैत्री सुशासनले बालबालिकाको संरक्षण, सम्वर्द्धन र बाल गरिबीलाई न्यूनीकरण गर्न पनि सहयोग पुऱ्याउँदछ ।[3] यसको निम्ति राज्यले करको दायरा फराकिलो बनाउँदै, भ्रष्टाचार र चुहावटको नियन्त्रण गर्दै आर्थिक सुशासन सबल र सक्षम बनाउन प्रयत्न गर्न पर्दछ ।

## ३. बालबालिकाको शिक्षा सर्वाङ्गिण राष्ट्रिय विकासको आधार हो ।

बालबालिकाको शिक्षा, सीप र विकासमा पर्याप्त तथा उत्पादनशील लगानी गर्न सकेमा त्यसले व्यक्ति, परिवार र समाज सबैलाई वृहत्तर हितप्रदान गर्नेछ । उदाहरणको लागि विद्यालय शिक्षा छोड्ने बाध्यताबाट बालिकाहरूलाई थप एक वर्ष मात्र जोगाउन सके पनि भविष्यमा ५ देखि १० प्रतिशत सम्म शिशु मृत्युदर घटाउन सकिन्छ । यस सम्वन्धी भएका अध्ययनले के पनि बताउँछ भने बालिका शिक्षाको कम्तिमा ६ वर्षसम्मको निरन्तरताले शिशु स्याहार, शिशु बचावट र संरक्षणमा महत्वपूर्ण रूपान्तरण ल्याएको छ । वास्तवमा, असल तथा गुणस्तरीय शिक्षा नै त्यो माध्यम हो, जसले मानिसको जीवनकालमा मात्रै होइन, पुस्तौं पुस्तासम्म जीवनको सुरक्षा प्रदान गर्न सकिन्छ । तसर्थ बालबालिकाको गुणस्तरीय तथा उत्पादनशील शिक्षा हासिल गर्न पाउने अधिकारलाई बेलैमा सुनिश्चित गर्न सकेमा हामीले परिवार, समाज र देशकै भविष्य उज्यालो बनाउन सक्दछौं । यस सम्वन्धी

3 Investment in children Report commissioned by Save the Children Child Rights Governance Initiative Paola Pereznieto, Anamaria Golemac Powell and MerimaAvdagic November 2011.



भएका अध्ययनका प्रमाणहरूले बालबालिकाहरूले थप एक कक्षा चढ्न सकेको खण्डमा त्यसले व्यक्तिको आम्दानीमा कम्तिमा १० प्रतिशतले र देशको कूलग्राहस्थ उत्पादनमा १८ प्रतिशतले वृद्धि गर्नेछ । त्यति मात्र नभएर यससम्बन्धी गरिएका अध्ययन तथा अनुसन्धानहरूले विश्वमा थप १७ करोड जनसंख्याको गरिबीकम गर्न सक्ने छ ।[4] भन्ने अनुमान गरिएको छ ।

## ४. बालबालिकामाथिको लगानीबाट अदृश्य लागत तथा असंख्य आर्थिक क्षतिलाई जोगाउन सकिन्छ ।

बालअधिकार हनन् अर्थात बालबिबाह, बालश्रमशोषण, बाल बेचबिखन, विद्यालय छोड्न बाध्य बनाइनु, बाल परित्यक्तता, बालबिजाँई वा कानूनसँग बाझिएका बालगतिविधिहरू, बालविभेद तथा विभिन्न प्रकारका बालहिंसा गलत कुरा मात्र होइनन्, बरू राष्ट्रको निम्ति गम्भीर अदृश्य लागत तथा असंख्य आर्थिक भार वा क्षति पनि हुन् । जसरी बालअधिकारको संरक्षण र सम्वर्द्धनले राष्ट्रिय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ, त्यसरी नै सबै प्रकारका बाल हिंसा, शिशु तथा बाल मृत्यु, बालकुपोषण,

4 Evidence shows that, on average, each additional year of education boosts a person’s income by 10 per cent and increases a country’s GDP by 18 per cent. Some researchers estimate that if every child learned to read, around 170 million fewer people would live in poverty. (Source:https://blogs.unicef.org/blog/education-the-most-powerful-investment-in-our-future/)

बालअपाङ्गता तथा अन्य बालविकासका अवरोधहरूले देशको दिगो विकास, समानता र आत्मनिर्भरताको अभियानमा नकारात्मक असर पार्दछ । उदाहरणको निम्ति, विश्व बैंकको तथ्याङ्क[5] अनुसार जुन देशमा बालविवाहको अवस्था गम्भीर छ, त्यस देशले औसतमा आफ्नो वार्षिक आम्दानीको कम्तीमा एक प्रतिशत गुमाएको हुन्छ । बालविवाहको कारण हरेक बर्ष संसारमा खरबौं डलर[6] को नोक्सानी भईरहेको तथ्य उजागर भएको छ । बालविवाहको कारण संसारमा, खासगरी अतिकम विकसित मुलुकहरूमा विद्यालय छोड्न बाध्य बालबालिका एवं शिशु तथा बालमृत्यु तथा मातृमृत्युदरमा वृद्धि हुने गर्दछ । बालबालिकाको क्षेत्रमा कृयाशील यूनिसेफको तथ्याङ्क[7] अनुसार सन् २०१६ र २०३० को विच बालविवाहलाई रोकथाम वा अन्त्य गर्न सकेमा संसारमा २० लाख भन्दाबढी बालबालिकाको ज्यान जोगाउन सकिने छ । ३६ लाख बालबालिकालाई पुड्कोपनबाट जोगाउन सकिने छ । आर्थिक लाभको दृष्टिकोणले अझै स्पष्टसँग भन्नुपर्दा, यदि सन् २०३० सम्ममा हामीले पाँचबर्षमुनीका बालमृत्युदर र पुड्कोपनबाट बालबालिकालाई जोगाउन सके संसारले ९८ अरब डलर सम्मको फाइदा गर्न सक्नेछ ।[8]

5 Child marriage is costing countries trillions of dollars through its impact on fertility and population growth, earnings and child health. (source: https://www.girlsnotbrides.org/articles/costs-child-marriage-world-bank-research-say/)

6 In addition to the clear human imperative, the annual benefits from ending under-five mortality and stunting would be up to $98 billion by 2030. Source: https://www.girlsnotbrides.org/

7 Evidence shows that brain development is the most rapid in the initial years of life. Every additional dollar invested in quality early childhood development programmes yields a return of between $6 and $17. (source: https://www.unicef.org/nepal/why-invest-children)


8 In addition to the clear human imperative, the annual benefits from ending under-five mortality and stunting would be up to $98 billion by 2030. Source: https://www.girlsnotbrides.org/

## ५. प्रारम्भिक बालअवस्थामा बालबालिकाको निम्ति लगानी भनेको दिगो विकास तथा उत्पादनशील लाभको बलियो आधार पनि हो ।

वास्तवमा हाम्रो जस्तो देशमा अर्थतन्त्रको मेरूदण्ड नै जनशक्ति हो । त्यसको सहि उपयोगले नै देशमा जल-जमिन-जंगल लगायतमा आधारित विकास सम्भव हुन सक्दछ । यूनिसेफको अध्ययन अनुसार बालबालिकालाई नियमित लगाउने खोपमा गरेको हरेक एक डलरको लगानीले देशलाई भविष्यमा सोह्र डलरको आम्दानी दिन्छ । प्रारम्भिक बालापन बालबालिकाको निम्ति सुन्दर तर जोखिमपूर्ण अवस्था पनि हो । यहि बेला बालबालिकाको सबैभन्दा बढी मस्तिष्क विकास हुन्छ । प्रारम्भिक बालअवस्थामा गरेको लगानीले परिवार र देशलाई ६ देखि १७ गुणासम्म बढी उपलब्धि आर्जन हुन सक्दछ ।[9]



9 Evidence shows that brain development is the most rapid in the initial years of life. Every additional dollar invested in quality early childhood development programmes yields a return of between $6 and $17. (source: https://www.unicef.org/nepal/why-invest-children)



## ६. बालबालिका राष्ट्रिय सुरक्षाका महत्वपूर्ण अंश हुन् ।

राष्ट्रिय सुरक्षा, वास्तवमा मानव सुरक्षा, सामाजिक सुरक्षा, खाद्य सुरक्षा, आर्थिक सुरक्षा, पर्यावरणीय संरक्षण र देशको समग्र सुरक्षा सुनिश्चितताको सबल आधार हो । मानव सुरक्षाबिना कुनै पनि देशको राष्ट्रिय सुरक्षा सम्भव हुन सक्दैन । बालबालिकाको सम्पूर्ण सुरक्षाको प्रत्याभूतिले अन्ततः राष्ट्रिय सुरक्षाको जग बलियो बन्छ । कमजोर युवा पुस्ताले देशको भार थाम्न गाह्रो हुन्छ । त्यसैले, राष्ट्रिय सुरक्षा भनेको बालबालिकाको सुरक्षा र हित पनि हो । आजैदेखि हामीले हाम्रा बालबालिकाहरूलाई हाम्रो राष्ट्रिय सुरक्षा, राष्ट्रिय अर्थतन्त्र, र राष्ट्रिय गौरवको बिषयमा शिक्षा, तालिम र अनुसन्धानमा लगाउन सक्यौं भने उनीहरू युवा र वयस्क हुँदाको अवस्थामा पनि राष्ट्रको हित रक्षार्थ अघि बढ्न सक्ने छ । कुनै पनि देशका बालबालिकाहरू शोषण, दुर्व्यवहार र जोखिममा बाँच्न पर्ने स्थिति हुनु आफैमा एक कमजोर राष्ट्रिय सुरक्षाको लक्षण हो । त्यसमाथि देशमा वैदेशिक सैनिक हस्तक्षेप, आन्तरिक सशस्त्रद्वन्द्व र त्यसमा बालबालिकाहरूको प्रयोग हुनथाल्यो भने त्यस देशको बालअधिकारको स्थिति कमजोर र जोखिमपूर्ण बन्न सक्दछ । त्यसमाथि प्राकृतिक प्रकोप र विपत्ति, रोगव्याधी तथा महामारी जस्ता कुराहरूले पनि बालबालिकाको विकास र संरक्षणमा गम्भीर असर पारेको हुन्छ । यस वाहेक

देश भित्र वा बाहिरका मानव तस्करहरूले विभिन्न गलत तथा अपराधिक उद्देश्यको निम्ति बालबालिकाको बेचबिखन गर्न सकृय रहेका हुन्छन् । त्यसैले, बालबालिकाहरूलाई अपराधिक गतिविधिहरू र सामाजिक असुरक्षा, खाद्य असुरक्षा, आर्थिक असुरक्षाबाट जोगाएर राष्ट्रिय सुरक्षाको संरक्षण र सम्वर्द्धन गर्न अतिआवशयक छ । तसर्थ बालबालिकालाई नागरिक हुनुको भाव महसुस गराउँदै उनीहरूका विचारहरूलाई राष्ट्रहितमा सदुपयोग गर्नु पर्दछ ।

## ७. बालबालिका र पर्यावरण संरक्षणको अन्योन्याश्रित सम्बन्ध छ ।

हाम्रा हिमालहरू दिनानुदिन पग्लीरहेछन् । हाम्रा वनजंगलहरू नासिंदै गईरहेछन् । हाम्रा पहाडहरूमा भूक्षय र पहिरोको प्रकोपले ग्रस्त छ । हाम्रो तराई–मधेशमा मरूभूमीकरणको अवस्था बढ्दै छ । वास्तवमा यी सबै कुराहरू पर्यावरणीय विनाश र जलवायू परिवर्तनको प्रभाव पनि हो । के हामीले हाम्रा बालबालिकाहरूलाई प्राकृतिक रूपमा मनोरम, साँस्कृतिक रूपमा विकसित, आर्थिक रूपमा सवल र सामाजिक रूपमा सशक्तिकृत देश जिम्मा दिन सक्छौं ? के हाम्रा गलत तथा प्रकृति अमैत्री गतिविधिहरूका कारण भविष्यमा उनीहरूले हामीलाई नसराप्लान् भन्न सकिन्छ ? त्यसो नहोस् भन्नाखातिर हामीले आजै देखि हाम्रा बालबालिकाको निम्ति जोखिमपूर्ण देश होइन, बरू पर्यावरण मैत्री, सबल, सुन्दर, प्राकृतिक रूपमा मनोरम र दिगो विकासको निम्ति गतिशील देश जिम्मा लगाउन आजै देखि प्रयत्नशील हुन पर्दछ । विकासको नाममा घाँटि हेरी हाड निल्ने बानी बसाल्नु पर्छ । अर्काको देखासिकी गरी असान्दर्भिक र देशको वास्तविकतासँग नमिल्दा सपनाहरू बाँडने कामनगरी बालबालिकाको हक–हितको बिषयलाई राष्ट्रिय विकास, पर्यावरण संरक्षण र सम्वर्द्धन अर्थात जलवायू परिवर्तनको बिषयसँग जोडेर अगाडि बढ्नु आजको आवश्यकता र अनिवार्यता हो । बालबालिका र पर्यावरणको संरक्षण र विकाससँग नजोडिएका कुनै पनि विकास तथा

विस्तारहरू यथार्थमा दिगो र सवल हुन सक्दैन । त्यसैले, हाम्रा बालबालिकाहरूलाई आजैदेखि पर्यावरण संरक्षण र जलवायू परिवर्तनका बिषयहरूमा सचेत बनाउन उपयुक्त शिक्षा र सूचनाहरू प्रदान गर्न सक्नुपर्दछ ।

## ८. "बालबालिका शान्तिक्षेत्र हुन् ।"




बालबालिकामाथि कुनै पनि स्वरूपको हिंसा असह्य हुन्छ । बालबालिकामाथि हुने हिंसाले सम्पूर्ण समाजलाई नै प्रत्यक्ष नकारात्मक असर पार्दछ । यो सामाजिक हित र राष्ट्रिय विकासको निम्ति एक हानिकारक बिषय पनि हो । बालबालिका देशका एक संवेदनशील समुदाय भएको हुनाले उनीहरूलाई सबै प्रकारको द्वन्द्व र हिंसाबाट जोगाउन प्रयत्नशील हुन पर्दछ । समाजमा हुने गरिने जस्तोसुकै द्वन्द्वहोस्, त्यसलाई संवाद वा वार्ताको माध्यमबाट शान्तिपूर्ण रूपान्तरणको प्रकृयामा अगाडि बढाउनु पर्दछ । शान्ति बिना समृद्धि र

विकास सम्भव पनि छैन । त्यसैले, सबै वर्ग, तह र समुदायका मानिसहरूले, राज्य होस् वा गैर-राज्यपक्ष सबैले बालबालिकालाई शान्तिको पर्यायका रूपमालिंदै बालबालिका शान्तिक्षेत्र हुन् भन्ने अवधारणालाई ब्यवहारमा अङ्गिकार गरी उनीहरूलाई राष्ट्रिय गौरवका आधार बनाउनु आजको आवश्यकता हो । सबैभन्दा महत्वपूर्ण कुरा त "बालबालिका शान्तिक्षेत्र हुन्" भन्ने स्थापित मान्यतालाई व्यवहारमा रूपान्तरण गर्नु हो । यो अवधारणा बालबालिकाको विरूद्ध हुने गरिने सबै प्रकारको हिंसा, विभेद र शोषणको अन्त्य गर्न परिलक्षित छ ।

## ९. बालबालिका भनेका स्थानीय, क्षेत्रीय र राष्ट्रिय विकासका पूर्वाधार हुन् ।

अबहामीले हाम्रो देशमा विकासका "डिस्कोर्श र डायलग" का बारेमा गम्भीर भएर सोच्ने बेला आइसकेको छ । दोस्रो विश्वयुद्ध पछि, औद्योगिक क्रान्तिको जगमा उभिएको विकास अवधारणाले संसारमा घर गरेको देखिन्छ । कालान्तरमा विकासको त्यो अवधारणा दिगो र पर्यावरण मैत्री छैन भन्ने कुरा पुष्टि भई सके पश्चात पनि उहि पुराना विकास मोडेलहरूलाई अङ्गिकार गर्ने जुनकाम हामीले स्थानीय, प्रादेशिक तथा राष्ट्रिय तहमा गर्न खोज्दैछौं त्यसले हाम्रो देशलाई गलत दिशामा लगिरहेको भान हुन्छ । विकासलाई दीगो बनाउन स्थानीय देखि क्षेत्रीय एवं राष्ट्रियस्तरमा बालबालिकाका आधारभूत अधिकारलाई सुनिश्चित गर्ने किसिमका विकासका कार्यक्रमहरू अगाडी सार्नु पर्दछ, यसरी बालबालिकालाई केन्द्रबिन्दु बनाई कार्यान्वयन गरिएका विकासका कार्यक्रमहरूले सबै तहमा दीगो विकासको जग बसाल्दछ । त्यसैले, स्थानीय, क्षेत्रीय र राष्ट्रिय विकासका हरेक क्षेत्र र विषयले बालबालिकाको संरक्षण, सम्वर्द्धन र सहभागितालाई जोड्दै अगाडि बढ्नु आजको गम्भीर आवश्यकता हो ।

## १०. बालबालिका "समृद्ध नेपाल र सुखी नेपालको जग हुन् ।"

हामी सहजै भन्न सक्दछौं कि बालअधिकारको संरक्षण र सम्बर्द्धन भनेकै वास्तवमा "समृद्ध नेपाल र सुखी नेपाल"को बलियो जग हो । बालबालिकाको हक–हित र संरक्षणको विषयलाई पर सारेर कुनै पनि देश सफल, सबल र विकसित हुनै सक्दैन । त्यसैले, जस्तोसुकै संकटको घडिमा पनि बालबालिकामाथिको लगानीमा कुनै पनि देशले कञ्जुसी गर्नु हुँदैन । अप्ठ्यारो र संकटको बेलामा पनि कथमकदाचित बजेट कटौति गर्नु परेमा पनि बालबालिकाको क्षेत्रमा गरिएको बजेट ब्यवस्थापनलाई सबैभन्दा अन्तिममा मात्रै फेरबदल गर्नु पर्दछ । त्यसैले, बालबालिकाको सर्वाङ्गिण विकास र लगानीको क्षेत्रलाई अधिकतम् लाभ सुनिश्चित गर्न सामाजिक क्षेत्रमा गरिएका लगानीहरू मानव स्रोत विकास र सशक्तिकरणमा उन्मुख गर्नु पर्दछ । साथसाथै, गरीबी, अप्ठ्यारो र जोखिममा रहेका बालबालिकाहरूको राहत, संरक्षण र विकासको निम्ति राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीहरूलाई लैङ्गिक समानता र सामाजिक समावेशिताको आधारमा परिचालन गर्नु पर्दछ ।

कतिपय मानिसहरूलाई "बालबालिका राष्ट्रिय गौरव हुन्" भन्ने बिषय बजेटको दृष्टिले यो एक राष्ट्रको निम्ति एक थप भार हो भन्ने लाग्न सक्दछ । तर हाम्रा अर्थशास्त्री, बजेट विशेषज्ञ, विकासविद, राजनीतिक नेता तथा कार्यकर्ताहरूलाई के कुरा आश्वस्त गर्न सकिन्छ भने यो राष्ट्रको निम्ति थप बजेट भारको कुरा होइन । यो त एक राष्ट्रिय विकासको सवाललाई के कसरी जनपक्षीय, समुदायमा आधारित र बालमैत्री बनाउने हो भन्ने अवधारणा र दृष्टिकोणसँग गाँसिएको छ । यसले थप बजेट माग गर्दैन, बरू संघीय, प्रादेशिक तथा स्थानीयतहको विकास बजेटहरूलाई "बालबालिका राष्ट्रिय गौरव हुन्" भन्ने बिषय के कसरी जोडेर लान सकिन्छ भन्ने सोच, कार्यविधि र कार्यक्रमहरूलाई एकिकृत विकासको अवधारणाले अगाडि बढाउन जोड दिन्छ । यसका निम्ति केहि उदाहरणहरू निम्नानुसार अगाडि सार्न सकिन्छ:



१. हरेक पालिकाको वडामा बालमैत्री अवधारणा अनुसारको एक प्रारम्भिक बालशिक्षा तथा स्याहार केन्द्रको स्थापना ।

२. हरेक वडामा बाल मैत्री गतिविधि सहितको एक बालउद्यानको स्थापना ।

३. हरेक बालबालिकाको जन्म हुँदा तालिम प्राप्त सुडेनी, नर्श वा स्वास्थ्यकर्मीको सहायतामा सुरक्षित प्रसुति सेवाको उपलब्धताको सुनिश्चितता । हरेक बालबालिकालाई निःशुल्क तथा अनिवार्य विभिन्न प्रकारका खोपहरू प्रदान गर्न सुनिश्चितता ।

४. हरेक बालबालिकाको जन्मदर्ता पत्रको सुनिश्चितता ।

५. हरेक बालबालिकाको बिद्यालय भर्ना र निरन्तर शिक्षाको सुनिश्चितता ।

६. हरेक बालबालिकालाई कुपोषण, पुड्कोपन, अपाङ्गता र बालापनको विनाश तथा शिशु तथा बाल मृत्युबाट संरक्षण ।

७. हरेक बालबालिकालाई बालश्रम शोषण, बालविवाह, बाल बेचबिखन, लैंगिक विभेद, जातिय विभेद तथा छुवाछुट, र अनलाइनमा हुने दुर्व्यवहार लगायत सबै प्रकारका बालशोषण, बाल उत्पीडन र दुर्ब्यवहारबाट संरक्षण तथा बालअधिकारको सम्वर्द्धन ।

८. बालबालिकालाई राज्यविहिनताबाट जोगाउन हरेक बालबालिका वा किशोर किशोरीको आफ्नो आमाबुबा वा परिस्थिति अनुसार आमाको नाममा वा संरक्षकको नाममा नागरिकताको प्रमाणपत्र हासिल गर्ने अधिकारको सुनिश्चितता ।





९. समाजको हरेक क्षेत्र तथा हरेक तहको शासन प्रणालीमा बालमैत्री सुशासनको व्यवस्था तथा कार्यान्वयन गर्दै सो संरचनाहरूमा कृयाशील जनशक्तिलाई बालअधिकार र बाल संरक्षणको बिषयमा सचेत तथा पालना गर्न प्रशिक्षण एवं बालबालिकासँग सम्बन्धित बिषयमा उनीहरूको विचार र भावनाको कदरको सुनिशिचतता ।

१०. सबै प्रकारको भौतिक, आर्थिक तथा सामाजिक विकासको कामगर्दा त्यसको अवधारणा तथा योजना विकास, योजना कार्यान्वयन तथा अनुगमन तथा मुल्याङ्कनको तह सम्ममा "बालबालिका राष्ट्रिय गौरव हुन्" भन्ने बिषयलाई ध्यानमा राखी विकास कार्यक्रमहरूमा बालमैत्री तथा पर्यावरण मैत्री अवधारणा तथा सामुदायिक सहभागिताको उत्थान ।

# "बालबालिका राष्ट्रिय गौरव हुन्" लाई कसरी व्यवहारमा स्थापित गर्ने ?

विगत ३० वर्षको अवधिमा बालअधिकारको संरक्षण र सम्वर्द्धनका क्षेत्रमा व्यापक सुधार र प्रगति भएका छन् । यस दौरान बालश्रम, बालविवाह, सडक बालबालिका, बाल परित्यक्तता, शिशु तथा बालमृत्युदर, बाल बेचबिखन लगायतका क्षेत्रमा धेरै कमी आएको तथ्याङ्कहरूले देखाएका छन् । साथै प्रारम्भिक बालविकास तथा बालबालिकाको शिक्षामा महत्वपूर्ण विकास भएका छन् । तर ती उपलब्धिहरू लक्षित योजना र कार्यक्रमहरू अनुसार अझै पूर्ण र प्रभावकारी हुन सकेका छैनन् । हुन त गत ३० वर्षको अवधि नेपालको अधिकांश समय द्वन्द्व, अस्थिरता र संक्रमणकालमा नै बित्यो । त्यसो नहुँदो हो त बालअधिकार र बालविकासको क्षेत्रको उपलब्धि आजको भन्दा धेरै उन्नत हुनसक्ने कुरा अनुमान गर्न सकिन्छ । तापनि विगतमा गुमेका ती अवसरहरूलाई अब हामीले व्यवस्थित रूपमा हासिल गर्नु परेको छ । यसका निम्ति हामीले अब निम्नानुसारको कार्यनीति अवलम्बन गर्नु आजको आवशयकता हो ।



१. "बालबालिका राष्ट्रिय गौरव हुन्" भन्ने अवधारणाको दृष्टिकोण र आधारहरू सहित बनेको आधार-पत्रमा छलफल र बहस गरी बालअधिकारसम्बन्धी नागरिक समाजका सञ्जालहरू र बालबालिकाका सञ्जालहरूको राष्ट्रिय भेलाबाट सुझाव र सुधार सहित अनुमोदन गर्ने ।

२. सो आधार-पत्र नेपालसरकार, व्यवस्थापिका संसदका सम्बन्धित संसदीय समितिहरू, मानवअधिकार आयोग लगायतका अन्य संबैधानिक आयोगहरूमा स्मृतिपत्रको रूपमा सम्मिलन गर्ने ।



३. सो आधार-पत्र सबैजसो राजनैतिकदलहरूमा स्मृतिपत्रको रूपमा सम्मिलनगरी त्यसको कार्यान्वयनमा सहयोग गर्न अपिल गर्ने ।

४. सो आधार-पत्रमा आधारित भएर "बालबालिका राष्ट्रिय गौरव हुन्" अवधारणालाई स्थापित र परिचालन गर्न स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म गरिने बालबालिकासम्बन्धी कार्यक्रमहरूको अभिन्न अङ्ग बनाउने ।

५. विभिन्न तहको निर्वाचनमा बालअधिकारको विषयलाई अभियानको महत्वपूर्ण अङ्ग बनाउने ।

६. तथ्यमा आधारित बालअधिकार अभियानको विगत ३५वर्षको सहि र सक्षम मूल्याङ्कन तथा समीक्षा गरी आगामी दिशा निर्धारण गर्ने ।

७. नेपालमा बालबालिकासम्बन्धी आधारभूत तथ्याङ्क तयार गर्ने र सो को आधारमा बालबालिकासम्बन्धी कार्ययोजनाको प्राथमिकता निर्धारण गर्न सुझाव तथा सिफारिस तर्जुमा गर्ने ।

८. घर-परिवार, छिमेक, समुदाय, विद्यालय, समाज तथा सरकारमा बाल-मैत्री वातावरण निर्माण गर्ने र बाल-मैत्री सुशासनको अभियान निरन्तर सञ्चालन गर्ने । साथै बालबालिकाका विचार तथा भावनालाई समाविष्ट गर्न बालबालिकाको सशक्तिकरण गरी बाल सहभागितालाई प्रवर्द्धन गर्ने ।



९. विकासका सोच र व्यवहारलाई दिगो विकासको लक्ष अनुसार आर्थिक-सामाजिक विकास तथा पर्यावरणीय संतुलन कायम गरी बालबालिकाको हक-हित संरक्षण गर्न "पाँच-पि" को अवधारणा अनुसार मानिस/जनता (People), पृथ्वी (Planet), शान्ति (Peace), समृद्धि (Prosperity), र सहकार्य (Partnership) लाई आधार बनाएर अगाडि बढ्ने ।

१०. बालबालिका केन्द्रित राष्ट्रिय गुरूयोजनाहरू र कार्ययोजनाहरू बाहेक अन्य भौतिक तथा आर्थिक विकासका आयोजनाहरूको सोच, कार्यक्रम ढाँचा तथा कार्यान्वयन र अनुगमनका सबै चरणहरूमा बालबालिका तथा लैंङ्गिक र सामाजिक समावेशिताको अवधारणालाई सदैव प्राथमिकतामा राख्ने ।

माथि उल्लेखित विभिन्न विषयहरू अर्थात मूलतः "बालबालिका राष्ट्रिय गौरव हुन्" अवधारणालाई यथार्थमा रूपान्तरण गर्न बालअधिकारसम्बन्धी महासन्धिको "बालअधिकारको चार बक्सा तथा बालअधिकारको चार सिद्धान्तहरू" तथा दिगो विकास लक्ष्यलाई जोडेर अगाडि बढ्ने । सो कार्य गर्दा साना, मझौला तथा राष्ट्रिय गौरवका आयोजनाहरूले बालबालिकाको शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा लगायतका क्षेत्रलाई साकार रूप दिन के कसरी योगदान गर्न सक्छ, त्यसको लेखाजोखा र प्रभाव मूल्याङ्कन गर्नु पर्दछ ।

# “बालबालिका राष्ट्रिय गौरव हुन्” का सूचकहरू

हामीले हाम्रा बालबालिकाहरू राष्ट्रिय गौरव हुन् भनिरहँदा, त्यसको आधार, दृष्टिकोण र प्रकृयाहरू तर्जुमा गरिसकेका छौं । तर, त्यो अभियान व्यवहारमा साँच्चिकै सफल, सबल र प्रभावकारी भए वा भएनन् भन्ने सवालमा आवधिक समीक्षा र मूल्याङ्कन गर्न हामीसँग त्यसको सूचकाङ्कहरू तर्जुमा हुन जरूरी छ । सो को निम्ति हामीले हाम्रो देशमा बालअधिकार संरक्षण सवर्द्धन गर्न बनाएका गुरूयोजना वा अन्य कार्ययोजनाहरूमा उल्लेखित सूचकाङ्कहरूलाई आधार मानेर अगाडि बढ्न सक्दछौं । साथसाथै, बालअधिकार अभियन्ताहरूले सार्वजनिक क्षेत्र सुधारका विषयलाई बालअधिकारको संरक्षण र सम्वर्द्धनसँग पनि जोडेर लान सके त्यो प्रभावकारी हुनेछ । त्यसैले, हामीले बालबालिकाहरू राष्ट्रिय गौरव हुन् भन्ने अभियानलाई कार्यान्वयन गर्ने सन्दर्भमा सो को निम्ति





निम्न उल्लेखित कुराहरूलाई यसको मुख्यमुख्य सूचकाङ्कको रूपमा अङ्गिकार गरी त्यसलाई ध्यान पुऱ्याउन जरूरी छः

१. सन् २०३० सम्ममा बालश्रम निर्मूलनसम्बन्धी राष्ट्रिय गुरु योजनाका मुख्यमुख्य सूचकाङ्कहरू ।

२. सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने राष्ट्रिय कार्य योजनाका मुख्यमुख्य सूचकाङ्कहरू ।

३. सन् २०३० सम्ममा शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मत्युदर, बाल पुड्कोपन तथा बालकुपोषण घटाउने राष्ट्रिय कार्ययोजनाका मुख्यमुख्य सूचकाङ्कहरू ।

४. २०३० सम्ममा सबैको निम्ति शिक्षा अन्तरगत सम्पूर्ण बालबालिकाको निम्ति कम्तिमा १२ कक्षासम्म निःशुल्क तथा अनिवार्य शिक्षा हासिल गर्ने राष्ट्रिय कार्य योजनाका मुख्यमुख्य सूचकाङ्कहरू ।

५. नयाँ जन्मेका सम्पूर्ण बालबालिकाको जन्मदर्ता प्रमाण–पत्र हासिल गर्न बनाएको राष्ट्रिय कार्ययोजनाका मुख्यमुख्य सूचकाङ्कहरू । १६वर्ष पुगेपछि प्राप्त गरिने नागरिक प्रमाण–पत्रको सहज ढङ्गले प्राप्ति ।






६. ३ देखि ५ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षा र स्याहार प्रदान गर्न बनेका राष्ट्रिय कार्ययोजनाका मुख्यमुख्य सूचकाङ्कहरू ।

७. बालबेचबिखन, हराएका वा बेपत्ताभएका बालबालिकाको संरक्षण र सम्वर्द्धन गर्न बनेका बाल हेल्पलाइन तथा बालबालिका खोजतलास केन्द्रले तर्जुमा गरेका मुख्यमुख्य सूचकाङ्कहरू ।

८. सार्थक बाल सहभागिताको विकास र सम्वर्द्धनको निम्ति बालक्लबहरू वा बाल समूहहरूको विकास, संरक्षण र क्षमता अभिवृद्धिका निम्ति बनाएका मुख्यमुख्य सूचकाङ्कहरू ।

९. नेपालको संबिधानको धारा ३९ अन्तरगत तर्जुमा गरिएका बालबालिकाको मौलिकहककहरूलाई व्यवहारमा रूपान्तरण गर्न बन्नु पर्ने नीति, नियम र संयन्त्रहरूको निम्ति गरिने नीतिगत पैरवीहरूको मुख्यमुख्य सूचकाङ्कहरू । र,

१०. नेपालले हस्ताक्षर र अनुमोदन गरेका बालअधिकारसम्बन्धी

संरासंका महासन्धि, संविदा र मार्गनिर्देशनहरू साथै सं. रा. बालअधिकार समितिले गरेका सिफारिसहरू तथा मानवअधिकार आयोग लगायतमा मानवअधिकारसम्बन्धी अन्य आयोगहरूले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धमा बनेका मुख्यमुख्य सूचकाङ्कहरू, इत्यादि ।

माथि उल्लेखित सूचकाङ्कहरूको आधारमा "बालबालिका राष्ट्रिय गौरव हुन्" अवधारणालाई अगाडि बढाउँदा अभियन्ता संस्थाहरू तथा सबै सम्बन्धित पक्षहरूले निम्न कुराहरूलाई ध्यानदिन जरूरी छ अर्थात "बालबालिका राष्ट्रिय गौरव हुन्" का सूचकहरूलाई विभिन्न सिद्धान्त र बालअधिकारका स्वरूपहरूको आधारमा विभिन्न समूहहरू बनाइ अनुगमन र मूल्याङ्कन गर्न सकिन्छः

क) बालअधिकारका चार समूहहरू अर्थात १) बाल बचावट, २) बालविकास, ३) बाल संरक्षण र ४) बाल सहभागिताको आधारमा अनुगमन गर्ने, अर्थात्

ख) मानवअधिकारका पाँच प्रकारका स्वरूपहरूलाई आधार मानी त्यसको अनुगमन गर्न सकिन्छ,: जस्तै १) नागरिक अधिकारहरू, २) राजनैतिक अधिकारहरू, ३) आर्थिक अधिकारहरू, ४) सामाजिक अधिकारहरू र ५) साास्कृतिक अधिकारहरू, अर्थात्

ग) मानवअधिकार वा बालअधिकारहरू प्रति राज्यले निर्वाह गर्नु पर्ने दायित्वको हिसाबले अर्थात् मानवअधिकारको १) सम्मान, २) संरक्षण, र ३) पालनाको दृष्टिकोणका आधारमा अनुगमन गर्ने ।

यस बाहेक "बालबालिका राष्ट्रिय गौरव हुन्" अभियान सम्बन्धित समन्वय समिति वा अभियान सचिवालयले यस विषयमा २०२२–२०३० को कार्ययोजनासम्बन्धी खाका तयार गरेर त्यसको आवधिक बार्षिक तथा अर्ध–बार्षिक समीक्षा गरी सो को प्रगति

प्रतिवेदन सार्वजनिक जानकारीको निम्ति प्रकाशित गर्नु पर्दछ । साथसाथै, अभियानमा संलग्न हुन चाहने सामाजिक संस्था तथा समूहहरूको अभिमूखीकरणको निम्ति पनि सम्वन्धित समन्वयकारी तथा संयोजन गर्ने संस्थाहरूले प्रशिक्षण सामग्रीहरू, सूचना, शैक्षिक, तथा सञ्चार सामग्रीहरू (IEC materials) तर्जुमा गर्नु पर्दछ । यस अभियानमा धेरैभन्दा धेरै संस्थाहरू तथा समूहहरूको संलग्नता होस् भन्ना खातिर अभियान संयोजक तथा सञ्जाल संयोजकहरूले "प्रो–एक्टिभ एप्रोच" राखेर आफ्ना कार्यहरू अगाडि बढाउन पर्दछ । यस अभियानमा सरोकार राख्ने कुनै पनि सामाजिक संस्थाहरूले आफ्नो संलग्नता जनाउन सक्दछन्, यद्यपि यसले अङ्गिकार गरेका सिद्धान्त र मान्यताहरूलाई सम्मान गर्ने आफ्ना आवद्धता र प्रतिवद्धता जनाउन मनासिव हुनेछ । जसले गर्दा यस सम्वन्धी आवधिक प्रतिवेदनहरू तर्जुमा गर्दा महत्वपूर्ण सूचनाहरू समाविष्ट गर्न सकिने छ ।

"बालबालिका राष्ट्रिय गौरव हुन्" प्रस्तुत अवधारणा वास्तवमा एक बृहत् दृष्टिकोण हो । बालअधिकारको संरक्षण र सम्वर्द्धनको निम्ति बनेका हाम्रा सोच, व्यवहार र कार्यशैलीहरूलाई यसले मार्ग निर्देशन गर्ने आधार प्रदान गर्दछ । यो बालबालिकालाई केन्द्रबिन्दुमा राखेर उनीहरूको अधिकार, सशक्तिकरण र उनीहरूप्रति राज्य र सरोकारवालाहरूको जवाफदेहिता सुनिश्चित गर्न दिशानिर्देश गर्ने विचार पनि हो । नत यो सीमावद्ध परियोजना हो, नत यो कुनै कार्यक्रम विशेष नै । त्यसैगरी, यो अवधारणा कुनै बालबालिकाको विशिष्ट विषय, कार्यक्रम, नीतिसँग मात्र सम्बद्ध एकाङ्की अवधारणा नभइ हाम्रा समग्र बालबालिकाको अधिकार, विकास र हितलाई राष्ट्रिय विकाससँग जोड्ने एक महत्वपूर्ण आधार र दृष्टिकोण हो ।




# "बालबालिका राष्ट्रिय गौरव हुन्" अभियानमा सरोकारवालाहरूको भूमिका



माथि नै उल्लेखभई सकेको छ की देशको दिगो विकासको निम्ति मूलतः राज्य, बजार र नागरिक समाजको संतुलित र समन्वयात्मक भूमिका हुन जरूरी छ । "बालबालिका राष्ट्रिय गौरव हुन्" अवधारणालाई अगाडि बढाउनको निम्ति राज्य, बजार र नागरिक समाजको भूमिकाको निम्ति निम्नानुसारको सुझावहरू अगाडि सार्न सकिन्छः

## क) राज्यको भूमिकाः

बालअधिकार महासन्धि लगायत विभिन्न बालअधिकारसम्वन्धी इच्छाधिन आलेखहरूमा राज्यले गरेको हस्ताक्षर र अनुमोदन अनुसार बालबालिकाको अधिकार भन्ने कुरा राज्यको आधारभूत




दायित्व हो । यस अन्तरगत राज्यको नीतिगत, कार्यान्वयात्मक र अनुगमनात्मक भूमिकाहरू पर्दछन् । त्यसैले, राज्यले कुनै विषय वा क्षेत्रमा नीति, नियम, र कानूनहरू निर्माण गर्दा त्यसले बालबालिकाको हकहित र अधिकारलाई कसरी संरक्षण र सम्वर्द्धन गर्न सकिन्छ भनेर सधैंभरी गम्भीर ध्यान जागरूक बनाउन पर्दछ । त्यसैगरी राज्यको संबिधान, कानून र नीति निर्देशनानुसार बालअधिकार तथा बालविकाससम्वन्धी नीति तथा कार्यक्रमहरू, कार्ययोजना र गुरूयोजनाहरू तर्जुमा गर्दा वा तिनलाई कार्यान्वयनको प्रकृयामा अगाडि बढाउँदा त्यसको प्रभावकारीता सुस्पष्ट हुन जरूरी छ । राज्य सरकारद्वारा कार्यक्रम तथा कार्ययोजनाहरू कार्यान्वयनको प्रकृयामा लाँदा त्यसको सहि र प्रभावकारी अनुगमन हुनपनि अति जरूरी छ । राज्य र सरकारले हरेक बर्ष नीति तथा कार्यक्रमका आधारमा विभिन्न आर्थिक, भौतिक, सामाजिक-साँस्कृतिक तथा पर्यावरणीय विकासका कार्यक्रमहरू तर्जुमा गरेका हुन्छन् । वास्तवमा, हामीले बालअधिकारको संरक्षण र सम्वर्द्धनको बिषयमा राज्यले कामगर्दा बालबालिकासँग गाँसिएका प्रत्यक्ष कार्यक्रमहरूमा मात्र होइन, बरू आर्थिक तथा भौतिक विकासका आयोजनाहरूको नीति निर्माण देखि कार्यान्वयनको तह सम्ममा त्यसले बालअधिकारको संरक्षण र सम्वर्द्धनमा

के कस्तो भूमिका निर्वाह गर्न सकिन्छ भनेर सोच्न जरूरी छ । शायद संसारका कुनै पनि विकास त्यस अर्थमा पूर्ण हुँदैन, जबसम्म त्यो दिगो र बालबालिकाको हितसँग गाँसिएको हुँदैन । त्यसैले, बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने बिषयलाई ब्यवहारमा साँचो अर्थमा उतार्ने हो भने आर्थिक, भौतिक, सामाजिक-साँस्कृतिक विकाससँग जोडेर यो अवधारणालाई प्रभावकारी रूपले अगाडि बढाउनु पर्दछ । बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने बिषय सिङ्गो राष्ट्रलाई नै गौरव बनाउने अभियान हो । त्यसैले, राज्यले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा लगायत उत्पादनशील क्षेत्रमा गरेका लगानीहरू बालबालिकाको हकहित र पर्यावरण क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्ने खालको हुन जरूरी छ ।

### ख) आर्थिक क्षेत्र वा बजारको भूमिकाः

बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने बिषयलाई ब्यवहारमा प्रभावकारी बनाउन देशको आर्थिक क्षेत्र वा बजारले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । हाल हाम्रो बजारमा महँगी आकाशिंदै गएको अवस्था छ । कतिपय अवस्थामा बजारमा सामानहरूको कृतिम अभाव वा प्रारम्भिक उत्पादकहरूले वस्तुको परल मुल्य नपाउने स्थिति र उपभोक्ताहरूले अनिश्चितता र गुणस्तरीय सामानहरू उपभोग गर्न नपाउनु र बजारले राज्यलाई नियमानुसार तिर्नु पर्ने करहरूमा कतिपयले छलछाम गर्नाले दिगो विकास र आत्मनिर्भरताको सवालमा समस्या खडा हुने गर्दछ । त्यसैले बजारका सबै पक्षहरूले खासगरी देशका धनाढ्य ब्यक्ति, परिवारहरू तथा कम्पनीहरूले देश, राष्ट्र र सामाजिक उत्तरदायित्व गम्भीरतापूर्वक वहन गर्न आवशयक छ । आजका बालबालिकाहरू नै भोलीका सक्षम नागरिकहरू हुन् । देशमा सक्षम र गतिशील जनशक्ति निर्माण हुँदा देशका उद्योग, ब्यापार, निर्माण लगायत कृषि, सिंचाई तथा बन पैदावरहरूमा आधारित पेशा तथा ब्यवसायहरू फस्टाउन सक्दछ । सो को निम्ति नीजि तथा व्यवसायिक क्षेत्रहरूले पनि बालबालिकाको सर्वाङ्गिण विकासमा ध्यान पुऱ्याउन पर्दछ । नाफा र फाइदाको निम्ति कसैले पनि बालबालिका र

प्राकृतिक स्रोतहरूको दोहन गर्नुहुँदैन । त्यसैले, उद्योग ब्यवसायको तर्फबाट गरिने लगानीहरू पनि बालमैत्री तथा प्रकृतिमैत्री र सामाजिक रूपमा जिम्मेवारीपूर्ण हुनु जरूरी छ । बालबालिका केन्द्रित बजारका सबै उत्पादन, वितरण र विज्ञापनहरू बालमैत्री र बालहित अनुकुलको हुन जरूरी छ ।

### ग) नागरिक समाज वा गैरसरकारी सामाजिक क्षेत्रको भूमिका :

माथि नै उल्लेख गरिसकेको छ की समुदाय र नागरिक समाज भन्ने बिषय पनि राष्ट्र विकासका महत्वपूर्ण पात्रहरू मध्ये एक हुन् । देशमा अप्ठ्यारो होस् वा सहज परिस्थिति, नागरिक समाजले सबै खाले सकारात्मक कार्यहरूमा योगदान गर्दै आएको कुरा सर्वविदितै छ । हाम्रो देशमा निरंकुशताको विरूद्ध लोकतन्त्रको पक्षमा, सशस्त्रद्वन्द्वलाई शान्तिपूर्ण स्थितिमा रूपान्तरण गर्न, लैङ्गिक तथा सामाजिक न्यायको अभियान अगाडि बढाउन, जल, जङ्गल, जमिन र जडिवुटि जोगाउन, दलित, जनजाति तथा आदिवासीहरूको हकअधिकार स्थापना गर्न र सम्पूर्ण जनताका मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्न सधैंभरी नागरिक समाज जागरूक हुंदै आएको सर्वविदितै छ । बालअधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा पनि मानवअधिकार तथा नागरिक समाजको भूमिका सबल रहादै आएको छ । तसर्थ, बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने बिषयमा पनि समुदाय, नागरिक समाज तथा सम्पूर्ण गैरसरकारी सामाजिक क्षेत्रबाट महत्वपूर्ण तथा प्रभावकारी भूमिका अपेक्षा गर्नु यस मानेमा स्वभाविक कुरा हो । नागरिक समाज तथा सम्पूर्ण गैरसरकारी सामाजिक क्षेत्रले यस अवधारणालाई देशका सबै वर्ग, समुदाय र क्षेत्रमा विस्तार गर्न गहकिलो भूमिका निर्वाह गर्न जरूरी ।

◆◆◆